परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १४६ पृष्ठ ४ २०८२ चैत्र ४ गते, बुधबार 18 March, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## मधेसका मुख्यमन्त्रीको एक सय दिन

# युवा पलायनप्रति चिन्ता गरे, स्वदेशमै रोक्ने योजना छैन



©रात

टक नेपाल

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले युवा पलायनप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

मधेस प्रदेश सरकारको नेतृत्व सम्हालेको एक सय दिन पूरा भएको अवसरमा मंगलबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा मुख्यमन्त्री यादवले युवाहरू विदेश पलायनप्रति चिन्ता व्यक्त गरेका हुन् । उनले युवाहरूलाई स्वदेशमै रोक्ने ठोस उपायबारे भने केही स्पष्ट योजना सार्वजनिक गरेनन् ।

तर, यस विषयप्रति आफू चिन्तित रहेको बताए ।

उनले एक सय दिनमध्ये करिब ५० दिन आचारसंहितामै बितेको उल्लेख गर्दै बाँकी अवधिमा प्रदेश सरकारको उपस्थितिको अनुभूति गराउने प्रयास गरिएको बताए ।

साथै, जेनजी आन्दोलनका क्रममा जलेका भवनका कारण प्रदेशको गृह मन्त्रालयमै आफ्नो कार्यालय सञ्चालन गरी कामकाज अघि बढाइएको जानकारी दिए ।

स्वास्थ्य क्षेत्रतर्फ प्रगति उल्लेख गर्दै उनले जनकपुरधाम प्रादेशिक अस्पताल मा सुधार गरिएको दाबी गरे । बिरामीको चाप बद्दा टिकट (पूर्जा) काट्न समस्या भइरहेको अवस्थालाई सहज बनाउन घरबाटै अनलाइन माध्यमबाट पूर्जा काट्ने व्यवस्था लागू गरिएको उनले बताए । साथै, परीक्षण शुल्क भुक्तानी र रिपोर्टसमेत अनलाइन उपलब्ध गराइएको जानकारी दिए ।

शिक्षा क्षेत्रमा प्रत्येक निर्वाचन क्षेत्रमा एक नमुना विद्यालय विकास गर्ने योजना सुरु गरिएको उनले बताए। पहिलो चरणमा १५ वटा सामुदायिक विद्यालयमा काम अघि बढिसकेको छ भने प्रत्येक विद्यालयका लागि कम्तीमा ५० लाख रुपैयाँ लगानी भइरहेको जानकारी दिए ।

“१०० दिन, ५१ काम” भन्ने नारासहित आयोजित उक्त कार्यक्रममा उनले जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन पहल थालिएको पनि बताए।

# हावाहुरीले लाखौंको क्षति

पश्चिमतर्फबाट आएको तीव्र वेगको सुख्खा हावाहुरीले महोत्तरीको बर्दीबास क्षेत्रमा व्यापक क्षति पुऱ्याएको छ । हावाहुरीका कारण चुरे क्षेत्रका तीन परिवार विचल्लीमा परेका छन् भने रुख ढल्दा राजमार्ग अवरुद्ध हुनुका साथै विद्युत सेवा समेत प्रभावित बनेको छ । सोमवार (हिजो) साँझदेखि आउको हावाहुरीले बर्दीबास-११ स्थित खयरमारामा घरका टिनका छाना उडाउँदा तीन परिवारका १८ जना विस्थापित भएका छन् । इलाका प्रहरी कार्यालय बर्दीबासका अनुसार दिलबहादुर कार्कीको ईंटाको पर्खाल भएको दुई कोठे घर, धनबहादुर कार्की तथा यज्ञबहादुर कटुवालका घरमा क्षति पुगेको हो । ती घरमा करिब ५ लाख रुपियाँभन्दा बढीको क्षति पुगेको जनाइएको छ । प्रहरीका अनुसार कटुवालको घरमा मात्रै करिब दुई लाख रुपियाँ बराबरको क्षति पुगेको छ भने कार्की परिवारका घरहरूमा क्रमशः डेढ लाख र एक लाखभन्दा बढी क्षति भएको छ । प्रभावित परिवारहरू हाल छिमेकीको घरमा आश्रय लिएर बसिरहेका छन् । त्यस्तै, हावाहुरीले बर्दीबासका विभिन्न स्थानमा विद्युत संरचनामा समेत क्षति पुऱ्याएको छ । बर्दीबास-१४ मसनघट्टानजिक ३३ केभी लाइनका तीन स्थानमा तार खसेको छ भने बर्दीबास-३ गौरीडाँडामा रुख ढल्दा तार र पोलमा क्षति पुगेको छ। बर्दीबास-१ पूर्व-पश्चिम लोकमार्ग क्षेत्रमा तार सटेर स्पार्क हुँदा रातभर विद्युत सेवा अवरुद्ध भएको नेपाल विद्युत प्राधिकरण बर्दीबास कार्यालयले जनाएको छ।

यसैबीच, बर्दीबास-३ कालापानीस्थित पानस कटेज नजिक साखुको रुख ढल्दा बीपी राजमार्ग करिब दुई घण्टा अवरुद्ध भएको थियो । प्रहरी र वन कार्यालयको सहकार्यमा करिब एक घण्टाको प्रयासमा रुख पन्छाइएपछि सोमवार राति करिब ९ बजेदेखि यातायात सञ्चालनमा आएको डिएसपी विकाश वमले जानकारी दिनुभयो।

हावाहुरीका कारण कृषि क्षेत्रमा समेत असर परेको छ। कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द राय यादवका अनुसार चिचिला (टिकुला) लाग्ने बेला रहेको आँप बगैचामा क्षति पुगेको छ। हुरीले आँपका फूल झार्नुका साथै कतिपय स्थानमा पाक्दै गरेको गहुँ बालीसमेत ढालेको छ । साथै, लहरे तरकारीका बोटहरू पनि क्षतिग्रस्त भएका छन् । सुख्खा हावाहुरीका कारण किसानहरू मर्कामा परेको उहाँले जनाउनुभयो।

कार्यालयअतिक्रमणलाई छुट नदिइने स्पष्ट पारेका छन् । वन क्षेत्रको संरक्षणका लागि अवैध रूपमा घर निर्माण नगर्न तथा वन अतिक्रमण नगर्न सर्वसाधारणलाई उनले आग्रह गरेका छन्।






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### जनविश्वास गुमाउँदै एमाले

नेपालको आधुनिक राजनीतिक इतिहासमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले एक समय जनविश्वास, विचार र आन्दोलनको सशक्त प्रतिनिधित्व गरेको थियो। केपी शर्मा ओली को नेतृत्वमा पार्टीले राष्ट्रियता, सामाजिक सुरक्षा र पूर्वाधार विकासमा उल्लेखनीय पहल गर्दै आफ्नो प्रभाव कायम राख्यो।

तर पछिल्लो समय पार्टीभित्र देखिएको आन्तरिक विभाजन, नेतृत्व केन्द्रित संरचना र जनअपेक्षाअनुसार परिणाम दिन नसकेको आरोपले यसको लोकप्रियतामा गिरावट आएको छ। माधव कुमार नेपाल को अलगावपछि कम्युनिस्ट आन्दोलन झनै विभाजित बन्न पुग्यो, जसले संगठनात्मक शक्ति कमजोर बनायो।

आजको बदलिँदो राजनीतिक परिवेशमा युवा पुस्ताले पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी नेतृत्व खोजिरहेको छ नयाँ राजनीतिक शक्तिहरूको उदयले पुराना दलहरूलाई चुनौती दिएको छ

एमालेका लागि अहिलेको अवस्था अवसर र चुनौती दुवै हो। यदि पार्टीले आत्मसमीक्षा गर्दै नेतृत्व पुस्तान्तरण, संगठनात्मक सुधार र जनमुखी एजेन्डामा केन्द्रित राजनीति अघि बढाउन सके पुनरुत्थान सम्भव छ। अन्यथा, इतिहासले देखाएको जीवनचक्रअनुसार यसको प्रभाव क्रमशः घट्दै जाने जोखिम रहन्छ।

# निजगढ नगरपालिकाभित्र मिलेमतोमै भइरहेछ ढुंगा तस्करी



• टक नेपाल

निजगढ नगरपालिकामा ठुलो मात्रामा ढुंगाको अवैध उत्खनन् र तस्करी भइरहेको पाइएको छ। यसमा सरोकारवाला निकायहरूकै मिलेमतो रहेको आरोप लागेको छ। गतवर्ष करिब ६ करोड रुपैयाँ बराबरको ढुंगा जफत गर्ने तयारी गरिएकोमा त्यो नै हराएको थियो भने यस वर्ष नगरपालिकाले जफत गरेकोमध्ये ५६ हजार घनमिटरभन्दा बढी ढुंगा पुनः गायब भएको खुलेको छ।

नगरपालिकाअन्तर्गतका बकैया खोला, चुरे र वन क्षेत्रबाट वर्षभरि नै अवैध रूपमा ढुंगाको चोरी-तस्करी भइरहेको छ। खोला ठेक्का नलाग्दै नदीजन्य पदार्थ संकलन गर्नु कानुनी रूपमा अवैध मानिन्छ। पालिकाभित्र गैरकानुनी रूपमा (नवीकरण नभएका, सार्वजनिक जग्गामा) चलेका क्रसर तथा बालुवा उद्योगीहरूले स्थानीय ट्याक्टर व्यवसायीमार्फत अवैध रूपमा ढुंगा संकलन गरी बिक्री गर्दै आएका छन्। यो गतिविधि लामो समयदेखि निजगढमा चल्दै आएको छ।

गतवर्ष जिल्ला समन्वय समिति (जिसस) ले स्थलगत अनुगमन गरी अवैध रूपमा थुपारिएका ढुंगाहरूको परिमाण यकिन गर्दै जफत तथा ठेक्का लगाउन निर्देशन दिएको थियो। तर नगरपालिकाले समयमै प्रक्रिया अघि बढाउन नसक्दा करिब ६ करोड रुपैयाँ बराबरको ढुंगा फिल्डबाटै गायब भएको थियो।

झनै गम्भीर तथ्य त के छ भने गतवर्ष बाँकी रहेको ६७ हजार ७३२

बाँकी पष्ठ ३ मा

## जनता साहित्यिक मञ्चको .......

विद्यार्थीहरूको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउँदै पुरानो कार्यसमितिलाई धन्यवाद दिएका थिए।

कार्यक्रमको पहिलो चरणको समापन गर्दै सभाध्यक्ष शुभेच्छा घिमिरेले सम्पूर्ण सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्दै मञ्च र बाल क्लब विघटनको घोषणा गरिन्।

दोस्रो चरणमा शिक्षक रामचन्द्र पौडेलले नयाँ कार्यसमिति प्रस्ताव प्रस्तुत गरेका थिए, जसलाई सर्वसम्मत रूपमा अनुमोदन गरिएको थियो।

नयाँ कार्यसमिति (साहित्यिक मञ्च):

अध्यक्षः रोजिना घिमिरे

उपाध्यक्षः समीक्षा भण्डारी

सचिवः प्रतिष्ठा पौडेल

सहसचिवः निकी यादव

कोषाध्यक्षः विदुषी अर्याल

सदस्यहरूः गरिमा परियार, सौजल साही, प्रियतम कुमार यादव, सन्ध्या रोका, साँक्षी रेग्मी, अनुस्का परियार, प्रणव गौतम, जीविका तामाङ, स्मृति माली भण्डारी, हिमाङ्शु ढुङ्गाना

बाल क्लब (आंशिक समिति):

अध्यक्षः प्रतिष्ठा पौडेल

सदस्यहरूः कामिनी यादव, स्वेता पोखरेल, सौजल साही, मुन्द्रिका महतो, गरिमा परियार, रितु महतो, आरती काफ्ले, कविता विक, बालकृष्ण साह, प्रिन्स महतो, ओम प्रकाश, प्रभास भट्टराई, बिबिसा महतो


## डेंगु (Dengue)



डेंगु भनेको भाईरस ईन्फेक्सन हो । यो एडिज जातको पोथी लामखुट्टेको टोकाईबाट मानिसमा सर्ने रोग हो । एडिज लामखुट्टे भनेको एक प्रजातिको लामखुट्टे हो जुन प्राय: भण्डारण गरेर राखेको सफा पानीमा बस्छ र यसले प्राय: दिनमा टोक्ने गर्छ । यो लामखुट्टेले सफा पानी जमेको स-साना स्थानमा फुल पार्ने गर्दछ । खासगरी वर्षाको पानी जम्ने टिनका डब्बाहरु, रंगका खाली डब्बा, थोत्रा वा पुराना टायर, अलकत्रा वा खाली ड्रमहरु, फुलदानी, गमला, कुलर, पानी ट्याङ्की आदीमा यसले फुल पार्दछ । वर्षात्को महिनासँगै जताततै पानी जम्न थालेपछि यो रोगको प्रकोप हुने गरेको पाइन्छ ।

### डेंगु संक्रमण कसरी हुन्छ ?

यो रोग मानिसबाट मानिसमा सिधै सर्दैन । संक्रमित व्यक्तिलाई यदि कुनै लामखुट्टेले टोक्यो र त्यही लामखुट्टेले अन्य स्वास्थ्य व्यक्तिलाई टोक्यो भने डेंगु सर्छ ।



### लक्षणहरु :

- उच्च ज्वरो आउनु, टाउको दुख्नु र पेट दुख्नु
- वाकवाकी लाग्नु, - आँखाको गेडी दुख्नु
- जीउ र जोर्नी दुख्नु, उच्च ज्वरो आएको ३/४ दिनपछी रातोरातो बिमिरा आउनु

### बच्ने उपायहरु :

- पानी जम्ने भाँडा खाली गर्ने
- बट्टा, ड्रम र गाडीको टायर घरको वरिपरी नराख्ने
- पुरा बाहुला भएको वा शरीर ढाक्ने कपडा लगाउने
- सुत्दा झुल प्रयोग गर्ने
- शरीरमा लामखुट्टे भगाउने मलम लगाउने
- घरका झ्याल ढोकामा जाली लगाउने
- घर वरपर सफा सुग्घर राख्ने, खाल्डाखुल्डी पुर्ने

बर्दिवास नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी








# विश्व संकट र नेपालको चुनौती



प्रतिनिधि सभा निर्वाचन २०८२ को नतिजाले मुलुकमा स्थिर सरकार बन्ने उत्साह सञ्चार भइरहेका बेला इरान युद्धको कालो छायाँ नेपालसम्म आइसकेको छ। नयाँ सरकार गठन नहुँदै पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि भएको छ भने यसका बहुआयामिक असरहरू क्रमशः देखिँदै जानेछन् । पेट्रोलियम पदार्थ नेपालको ‘ लाइफलाइन’ हो । यसको आपूर्तिमा अवरोध वा मूल्यवृद्धि जे भए पनि त्यसले जनताको चुलोदेखि सिंहदरबारको शक्तिशाली कुर्सीसम्मलाई असर गर्छ । त्यसै पनि अर्थतन्त्रको गति सुस्त रहेको अवस्थामा अहिलेको संकटले हाम्रा लागि चुनौती थपेको छ।

जेन-जी आन्दोलनपछिको अन्योल चिर्दै बन्न लागेको सुविधाजनक बहुमतप्राप्त स्थिर सरकारले अर्थतन्त्रलाई नयाँ दिशा प्रदान गर्छ भन्नेमा निजी क्षेत्रका व्यवसायीका साथै सम्पूर्ण नेपाली आशावादी देखिन्छन् । त्यो आशालाई साकार बनाउन निजी क्षेत्र सरकारसँग सहकार्य गर्न तयारमात्र होइन आतुर छौँ । नयाँ सरकारलाई प्राप्त राजनीतिक सुविधाको नेपालले अहिले भरपूर उपयोग गर्नुपर्छ । समृद्धिका लागि अब अस्थिरता बाधक बन्नु हुँदैन । राजनीतिक अस्थिरताको अन्त्यसँगै निजी क्षेत्रले चाहेको नीतिगत अस्थिरता पनि अब अन्त्य हुनैपर्छ । यसका लागि सरकारले हामीलाई आश्वस्त बनाउनुपर्छ र हामीले पनि गम्भीर भएर आत्मसमीक्षा गर्नु जरुरी छ।

नयाँ सरकार गठन नहुँदै सुरु भएको अर्थतन्त्रका नयाँ चुनौती समाधानका लागि सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्छ । युद्धको अन्त्य हाम्रो क्षमताबाहिरको विषय भए पनि देशभित्र त्यसको असर न्यून गर्न हामी हातेमालो गर्दै अघि बढ्न सक्छौँ । इरान केन्द्रित युद्धजन्य तनावले अहिले विश्व राजनीतिका साथै विश्व अर्थतन्त्रलाई पनि गम्भीर अनिश्चिततातर्फ धकेल्ने संकेत देखाइरहेको छ। मध्यपूर्व क्षेत्र विश्व ऊर्जा आपूर्तिको प्रमुख केन्द्र भएकाले त्यहाँ उत्पन्न हुने कुनै पनि सैन्य टकरावको असर तुरुन्तै अन्तर्राष्ट्रिय बजारमा देखिन्छ। नेपाल त झन् मध्यपूर्वसँग ऊर्जाका लागि मात्र नभै रेमिट्यान्स बजारका रूपमा समेत जोडिएकाले हामीलाई अरू मुलुकभन्दा बढी असर पर्ने निश्चित छ। त्यसैले इरानसँग जोडिएको युद्ध क्षेत्रीय द्वन्द्वमात्र होइन विश्वव्यापी संकटको सम्भावित संकेतका रूपमा हेरिएको अहिलेको परिस्थितिमा हामी थप संयमित बन्नु आवश्यक देखिन्छ।

युद्धको सबैभन्दा धेरै प्रत्यक्ष प्रभाव ऊर्जा बजारमा देखिन्छ । विशेषगरी हो र्मुज जलडमरूजस्तो रणनीतिक समुद्री नाकामा कुनै अवरोध आयो भने विश्व बजारमा कच्चा तेलको आपूर्ति तत्काल प्रभावित हुन्छ । यो जलमार्गबाट विश्वको ठूलो हिस्सा तेल ढुवानी हुने भएकाले यहाँको अस्थिरताले तेलको मूल्य आकस्मिकरूपमा उकालो लाग्न सक्छ। तेल महँगो हुँदा विश्वभर उत्पादन लागत बढ्छ, मुद्रास्फीति तीव्र हुन्छ र आर्थिक गतिविधिमा सुस्ती आउने जोखिम बढ्छ। यस्तो विश्वव्यापी संकटको प्रभावबाट नेपाल पनि अछुतो रहन सक्दैन ।

नेपाल पूर्ण रूपमा आयातमा निर्भर इन्धन उपभोग गर्ने देश हो । नेपालले प्रयोग गर्ने पेट्रोलियम पदार्थ मुख्यतः भारतमार्फत आयात गर्ने गरेको छ । अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढ्दा त्यसको प्रत्यक्ष असर नेपालमा इन्धन मूल्य वृद्धि भएर देखिन्छ। इन्धन महँगो हुँदा ढुवानी खर्च बढ्छ र त्यसले खाद्यान्नदेखि निर्माण सामग्रीसम्म सबै वस्तुको मूल्यमा चाप सिर्जना गर्छ।

इरान युद्धको अर्को सम्भावित असर वैदेशिक रोजगारी र रेमिट्यान्समा देखिन सक्छ। मध्यपूर्वका धेरै देशहरूमा लाखौंको संख्यामा नेपाली श्रमिक कार्यरत छन् । क्षेत्रीय सुरक्षा अवस्था बिग्रियो भने उनीहरूको रोजगारी अस्थिर हुन र रेमिट्यान्स प्रवाह घट्न सक्छ । नेपालको अर्थतन्त्रमा रेमिट्यान्सको ठूलो भूमिका रहेकाले यसमा आएको कुनै पनि गिरावटले आर्थिक गतिविधिमा प्रत्यक्ष असर पार्न सक्छ।

त्यसैगरी विश्वव्यापी अस्थिरताले लगानी र व्यापारिक वातावरणलाई पनि प्रभावित गर्छ । युद्ध र भूराजनीतिक तनाव बढ्दा लगानीकर्ताहरू जोखिम कम भएका बजारतर्फ आकर्षित हुन्छन् । यस्तो अवस्थामा विकासोन्मुख देशहरूमा विदेशी लगानीको प्रवाह सुस्त हुने सम्भावना हुन्छ। नेपालले लगानी आकर्षित गर्न प्रयास गरिरहेको अवस्थामा यस्तो संकटले थप चुनौती सिर्जना गर्न सक्छ।

अहिलेको परिस्थितिलाई नेपालका लागि दीर्घकालीन ऊर्जा रणनीति र आर्थिक सुरक्षा नीति पुनर्विचार गर्ने अवसरका रूपमा पनि हेर्न सकिन्छ। वैकल्पिक ऊर्जा स्रोतको विकास, ऊर्जा भण्डारण क्षमता विस्तार, आन्तरिक उत्पादन वृद्धि तथा वैदेशिक रोजगारीका गन्तव्य विविधीकरणजस्ता कदमहरू अब नीति दस्तावे जमा सीमित रहने विषयमात्र नभई राष्ट्रिय आवश्यकता बनेका छन् । विद्युत् खपतको बजार छैन भनेर वर्षौंदेखि विद्युत् खरिद सम्झौता (पावर पर्चेज एग्रिमे न्ट (पीपीए)) नगर्ने जिम्मेवार निकायको प्रवृत्ति कति गलत रहेछ भन्ने अहिलेको अवस्थामा महसुस गर्न सकिन्छ।

नेपाल जलस्रोतबाट अधिकतम लाभ लिनसक्ने मौकाबाट चुकिरहेको छ । बूढीगण्डकीजस्ता ठूला र जलाशययुक्त आयोजना निर्माणमा भइरहेको विलम्बका साथै निर्माणाधीन आयोजनामा सरकारी अधिकारीहरूको असहयोग हाम्रा नियति बनेकाछन् । यस्ता समस्या बेलैमा समाधान भइदिएको भए आजको दिनमा हामी पेट्रोलियम पदार्थको आपूर्तिमा अवरोध वा मूल्यवृद्धिको असरबाट निकै कम प्रभावित हुने थियौं ।

अहिले युद्ध रोकियो भने पनि यस्तो जोखिम भोलिका दिनमा पनि रहिरहने भएकाले हामीले स्वदेशी स्रोतकै उपयोग बढाउनुपर्छ । यसर्थ, नयाँ सरकारले दीर्घकालीन ऊर्जा रणनीति अपनाउनुपर्छ । अहिल्यै पेट्रोलियम पदार्थको खपत शून्य बनाउने जस्ता अपत्यारिलो विषयभन्दा मुलुकले सम्भव भएसम्म विद्युत् उत्पादन बढाएर खपतसमेत मुलुकभित्रै गर्नसक्ने विषयमा केन्द्रित हुनु बुद्धिमानी हुनेछ।

इरान केन्द्रित युद्ध भूराजनीतिक घटनामात्र होइन विश्व अर्थतन्त्रको स्थिरता र साना तथा आयातमुखी अर्थतन्त्रहरूको भविष्यसँग जोडिएको विषय पनि हो । नेपालले यसलाई टाढाको घटनाका रूपमा होइन सम्भावित आर्थिक चुनौतीका रूपमा बुझेर समयमै तयारी गर्नुपर्ने देखिन्छ । यो नेपालका लागि नयाँ ऊर्जा रणनीतिमा प्रस्थानविन्दु पनि बन्न सक्छ।

# निजगढ नगरपालिकाभित्र मिलेमतोमै

घनमिटर ढुंगालाई नगरपालिकाले यस वर्ष २ करोड १६ लाख रुपैयाँमा पुनः सूचना निकालेको थियो। तर, नगरपालिकाको प्राविधिक शाखाका अनुसार हाल त्यसमध्ये ५६ हजार ७४ घनमिटर ढुंगा हराइसकेको छ र केवल ११ हजार ६५८.९३ घनमिटर ढुंगा मात्र मौज्दात छ।

बाराका १६ वटा पालिकामध्ये निजगढ प्राकृतिक स्रोतसाधनमा सबैभन्दा सम्पन्न मानिन्छ । चुरेसँग जोडिएको यो पालिकाभित्र ठुला पूर्वाधार निर्माणका लागि आवश्यक नदीजन्य पदार्थ प्रशस्त पाइन्छन् । पछिल्लो समय तराई-मधेस-काठमाडौं द्रुतमार्ग निर्माणका क्रममा पनि ठुलो मात्रामा ढुंगा संकलन भएको छ। यसका बाबजुद, पालिकाले समयमै खोलाको ठेक्का लगाउन नसक्दा केही क्रसर तथा बालुवा उद्योगीहरूको मनोबल बढेको छ भने संघ, प्रदेश र स्थानीय तहको करोडौंको राजस्व गुमेको छ।

निजगढ नगरपालिका ४ का वडाध्यक्ष विशन सापकोटाले ढुंगाको चोरी तस्करी स्थानीय तहले मात्रै नियन्त्रण र निगरानी गर्न नसक्ने बताएका छन् । उनले भने, ‘यो गोजीमा बोकेर हिँड्ने चिज होइन, रातबिरात कति खेर चोर्छन् थाहा हुँदैन । निगरानी सबै पक्षबाट हुनुपर्‍यो, स्थानीय प्रशासनले पनि ध्यान दिनुपर्‍यो ।’ अवैध रूपमा उत्खनन गरिएका ढुंगा वडा नं ४ स्थित बकैया खोलाको सार्वजनिक जग्गा कछडिया टोलमा थुपारिएको छ।

निजगढ नगरपालिकाका सूचना अधिकारी जीवन गौतमले खोलाबाट ढुंगाको चोरी तस्करी भए/नभएको जिम्मा प्रशासनले लिनुपर्ने बताएका छन् । ‘ढुंगा चोरी भइरहेको विषयमा हामीले प्रशासनलाई पटक-पटक पत्राचार गर्दा उहाँहरूले खासै चासो देखाउनुभएन,’ सूचना अधिकारी गौतमले भने, ‘जफत गरिएको ढुंगा गतवर्ष ठेक्का नलागेपछि यस वर्ष पनि सूचना निकालेका छौं ।’

यसअघिका नगरप्रमुख सुरेश खनालले बकैया, धन्सार, लाल खोलाबाटै वार्षिक १२ देखि १६ करोड राजस्व संकलन गर्दै आएका थिए। तर, यस वर्ष असोजको पहिलो साता लाग्नुपर्ने खोलाको ठेक्का चैतको पहिलो सातासम्म पनि कुनै प्रक्रिया सुरु भएको छैन । खोलाको वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदन प्रदेश वन मन्त्रालयबाट स्वीकृत नहुँदा हालसम्म ठेक्का लाग्न नसकेको पालिकाले जनाएको छ।

बाराका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) धर्मेन्द्र कुमार मिश्रले भने नदीजन्य पदार्थको ठेक्का सम्झौता नहुँदासम्म चोरी तस्करी नियन्त्रण गने ‘ मुख्य जिम्मेवारी पालिकाको भएको टिप्पणी गरेका छन् । उनले अवैध रूपमा चोरी गरेर थुपारिएको ढुंगा, गिट्टी, बालुवा जफत गरेर कानूनी कारवाही अगाडि बढाउन पालिकालाई सुझाव दिएका छन् ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विगहरुको विशेषज्ञ डाक्टहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# सप्तरीमा एक महिनामा ११ जनाको मृत्यु




**टक नेपाल**

सप्तरीमा एक महिनाभित्रै ११ जनाको ज्यान गएको तथ्याङ्क सार्वजनिक भएको छ ।फागुन महिनामा मात्र विभिन्न घटनामा ११ जनाको ज्यान गएको छ भने ५३ जना घाइते हुनुभएको छ ।

जिल्ला प्रहरी कार्यालयले पत्रकार सम्मेलनको आयो जना गरि फागुन महिनाको प्रगति विवरण सार्वजनिक गर्ने क्रममा उक्त कुरा जानकारी गराएको हो ।फागुनमा जिल्लामा भएको दुर्घटनामा चार जनाको मृत्यु भएको छ ।कुल १७ वटा दुर्घटना हुँदा चार जनाको मृत्यु र २१ जना घाइते भएका छन् ।

यो अवधीमा २० वटा सबारीसाधन दुर्घटनामा परेको छ । अधिकांश मानिसमा ट्राफिक लेन अनुशासनको कमी, अधिकांश सवारी साधनहरू निर्धारित गतिभन्दा ओभर स्पीडमा कुदाउनु र पूर्व पश्चिम राजमार्ग विस्तारका क्रममा रहेकाले दुर्घटना भएको प्रहरीको विश्लेषण रहेको छ ।

एक महिनाको अवधीमा ट्राफिक नियम उल्लङ्घन गने २७० सवारीलाई कारवाही गर्दा दुई लाख ५६ हजार जरिवाना सङ्कलन भएको सप्तरी प्रहरीका प्रमुख एसपी गौतम केसीले जानकारी जानकारी दिनुभएको छ ।

एक महिनामा करेन्ट लागेर एक जनाको, पानीमा डुबेर तीन जनाको र अन्य घट्नामा तीन जनाको मृत्यु भएको प्रहरी प्रमुख केसीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "करेन्ट लागेर चार जना, जनावरको आक्रमणबाट दुई जना र अन्य घट्नामा २६ जना घाइते हुनुभएको छ । एक महिनाको अवधीमा जिल्लामा सात जनाले आत्महत्या गरेका छन् ।विष खाएर दुई पुरुषले तथा झुन्डिएर एक पुरुष र चार जना महिलाले आत्महत्या गरेको तथ्याङ्क रहेको छ ।"

माइग्रेसन सर्टिफिकेट हरायो ।

कम्प्युट, मोवाइल इन्टनेट प्रयोग गदा यी कुाहरु ध्यान दिनुहोस् ।

- बलियो पासवड राखां पासवडलाइ नियमित रुपमा पवितन गां ।
- अपीचित व्यक्ति वा कायालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलां ।
- अपीचित व्यक्तिले युजनेम पासवड मागे नदिआं ।

ह्वाट्स एप, इमो, भाइब, मेसेन्जलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद

- भिडियो वा अडियो कल नउठाआं । त्यस्ता कल पटक पटक आए ब्लक गां ।

आफ्ना व्यक्तिगत विवणहरु (ओटिपी, युजनेम, पासवड, बंक खाता नम्ब, पिनकोड, नागकिता नम्ब, रहदानी नम्ब, जन्म मिति) कसलाइ शेय नगां, सुक्षित राखां ।

बटेश्वर गाउँपालिका,
धनुषा, मधेश प्रदेश

जनहितमा जारी

- ❖ बिना अनुमति बोडिङ नगनुहोस्।
- ❖ भुमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्या(उँछ।
- ❖ जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- ❖ खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआँ।
- ❖ सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- ❖ गहिो बोडिङ गदा भुगभीय अध्ययन सल्लाह लिनुहोस्।
- ❖ अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- ❖ सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- ❖ बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- ❖ पानीको सिइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआँ।
- ❖ कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआँ।
- ❖ जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- ❖ 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



बर्दिवास नगरपालिका,महोत्तरी

जनता साहित्यिक मञ्चको

# २४औँ शृङ्खला सम्पन्न, नयाँ समिति गठन




**टक नेपाल**

बर्दिबास नगरपालिका-गौरीडाँडामा रहेको जनता साहित्यिक मञ्चको २४औँ नियमित शृङ्खला सम्पन्न गर्दै नयाँ कार्यसमिति गठन गरिएको छ।

वि.सं. २०८२ साल चैत २ गते सोमबार सम्पन्न कार्यक्रम मञ्चकी अध्यक्ष शुभेच्छा घिमिरेको अध्यक्षता तथा श्री जनता माध्यमिक विद्यालय, गौरीडाँडाका पूर्व प्रधानाध्यापक एवं विद्यालय व्यवस्थापन समिति सदस्य नेत्रबहादुर रम्तेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो। कार्यक्रम मञ्चको तल्लो सदनद्वारा आयोजना गरिएको थियो भने सञ्चालन सचिव श्रेया कर्णले गरेकी थिइन्।

कार्यक्रममा मञ्चका पदाधिकारी तथा सदस्यहरूले मन्तव्यसहित आफ्ना साहित्यिक रचना वाचन गरेका थिए। रचना वाचन गनेहरूमा प्रियतम कुमार यादव, सौजल साही, अनुकल्प शर्मा ढकाल, मदन बराल, आकृष पोखरेल, स्मृति पराजुलीलगायत रहेका थिए।

कक्षा १० को वार्षिक परीक्षा नजिकिँदै गएकाले वर्तमान समितिले जिम्मेवारी हस्तान्तरण गर्नुपने अवस्था सिर्जना भएको जानकारी दिँदै नयाँ समिति चयन गरिएको हो। कार्यक्रममा शिक्षक लक्ष्मी कार्की र दीक्षा काफ्लेले सहजीकरण गरेका थिए।

अतिथि रामचन्द्र पौडेलले विद्यार्थीहरूको क्षमता अभिवृद्धि तथा अनुशासन विकासका लागि बाल क्लब र साहित्यिक मञ्चलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याए। प्रमुख अतिथि रम्तेलले यस्ता संरचनाले

बाकी पष्ठ २.....

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-

- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

गौशाला नगरपालिका , महोत्तरी, मधेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिवास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014